# मंगला गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन, २०७९)

(स्वीकृत मितिः २०७९/०८/१५)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन, २०७९)

*१. प्रथम संशोधन* *- २०७९/०८/१५*

**प्रस्तावनाः**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजिनक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजिनक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिष्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी मंगला गाउँपालिकाले मिति २०७५।०१।१२ गतेको निर्णय बमोजिम यो कार्यविधि जारी गरेको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>**

१) यो कार्यविधिको नाम ""घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. इजाजतपत्र प्राप्त नगरी सार्वजिनक निर्माण कार्य गर्न नहुनेः</u>**

१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजिनक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**<u>३. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः</u>**

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजिनक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस मंगला गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इन्जिनियर/सब इन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**<u>४. इजाजतपत्रको अवधि र नवीकरणः</u>**

१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित यस गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न यस गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक

वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**५. इजाजतपत्रको खारेजीः**

१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सँगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्बन्धित निकायबाट लेखि आएमा,

ग) सार्वजिनक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**६. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**७. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी र्फम तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची-१

कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित

**इजाजतपत्रको लागि दिइने दरखस्त**

दरखास्तवालाको फोटो

विषयः इजाजतपत्र पाउँ भन्ने बारे

श्री मंगला गाउँपालिका,
मंगला गाउँ कार्यपालिकाको कार्यालय,
बाबियाचौर, म्याग्दी ।

यस कार्यालयको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेस गर्ने फर्म वा कम्पनीको नामः
ठेगानाः
पोष्ट बक्सः इमेलः
टेलिफोन नं.: फ्याक्स नंः

२. फर्म वा कम्पनीको प्रकृतिः
क) प्राईभेट लिमिटेड कम्पनी ☐ ग) पब्लिक लिमिटेड कम्पनी ☐
ख) एकलौटी ☐ घ) साझेदारी ☐
(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधाकारिक व्यक्तिको नाम थरः
ठेगानाः
पोष्ट बक्सः इमेलः
टेलिफोन नं.: फ्याक्स नंः

४. फर्म वा कम्पनीको विवरणः
दर्ता नंः दर्ता मितिः
अधिकृत पूजीः जारी पूजीः
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजतपत्र लिन चाहेको वर्गः (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोतको विवरणः

| | रकम | वित्तिय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण पेश भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरणः

क) प्राविधिकः

ख) अप्राविधिकः

ग) अन्यः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य ब्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।*

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण ब्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको नामः

दस्तखतः

मितिः

*द्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको ब्यहोरा पुष्टि गर्ने सम्बन्धित कागजातको प्रमाणित संलग्न गर्नु पर्नेछ र कार्यालयको माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।*

## अनुसूची-२

### कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजातपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. ५०००।-* | रु. २५००।-** | रु. ५०००।-*** | रु. २५००।-**** |

*द्रष्टव्यः घ  वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।*

**प्रथम संशोधनद्वारा संशोधित*

***प्रथम संशोधनद्वारा संशोधित*

****प्रथम संशोधनद्वारा संशोधित*

*****प्रथम संशोधनद्वारा संशोधित*

अनुसूची-३

कार्यविधि को दफा २ को उपदफा (१) २ दफा ३ को उपदफा (३) सँग सम्बन्धित

**इजाजतपत्र**

इजाजतपत्र नं.: मितिः

........................ म.न.पा./न.पा./गाउँपालिका

........................कार्यपालिकाको कार्यालय

................................

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ........................ स्थित कार्यालय भएको ........................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

इजाजतपत्र दिनेको विवरणः

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयः

नविकरणः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहेन अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-४

# निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.सं. | आयोजनाक नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण ( यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क) ठेक्का रकम | क) नामः | क) थप समयः | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकमः | क) अन्तिम ठेक्का रकमः | |
| | | | | ख) सम्झौता मितिः | ख) पदः | क) नामः | क) Variation को निर्णय गर्ने पदाधिकारीको नामः | ख) सम्पन्न मितिः | ख) सम्पन्न मितिः | |
| | | | | ग) ठेक्का अवधिः | ग) हस्ताक्षर | ख) पदः | ख) पदः | ग) सम्पन्न% | | |
| | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नामः | घ) नामः | |
| | | | | | | घ) निर्णय मितिः | घ) छाप | पदः | पदः | |
| | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | छाप | छाप | |

अनुसूची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मूख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तिर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेसिन र उपकरणः

क) टि्रपर /टयाक्टर (एक/एक थान)

ख) मिक्सर (एक थान)

ग) Theodolite/Level Machine (एक सेट)

घ) बाटर पम्प (तीन थान)

ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्यः*

*१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।*

*२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।*

*३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।*

*४. पन्ध्र वर्षभन्दा बढी पूरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।*